आज मिति २०७६/०२/२५ गते शनिबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६१ औ बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि दहाय बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ नं. वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

## अन्य उपस्थिति

श्री वीरध्वज लिम्बु
श्री चन्द्र राई
श्री कमल प्र. [illegible]
डम्बर कुमार प्रधान

योजना शाखा प्रमुख
प्राविधिक शाखा
का.स.

**प्रस्तावहरु**

१. आ. ब. २०७६/०७७ को लागी गाउँपालिकाको नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. गाउँपालिकाको सडक यातायात गुरुयोजना सम्बन्धमा ।
३. गाउँपालिकाको अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आगामी गाउँसभाको कार्ययोजना सम्बन्धमा ।
५. प्रधानमन्त्री योजना कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
६. नागरिकता घुम्ति सिविर सञ्चालन सम्वन्धमा।
७. अध्यक्ष माथि लागाइएको आरोप सम्वन्धमा ।

**निर्णयहरु**

१. उक्त प्रस्ताव माथि छलफल गर्दा मिति २०७६/२/१९ र २० गते बसेको गाउँकार्यापालिकाका विभिन्न बिषयगत समितिबाट गाउँकार्यपालिकामा पेश भएको नीति तथा कार्यक्रमगत सुझाव सम्बन्धी प्रतिवेदन माथि छलफल गरियो साथै गत आ.ब. को नीति तथा कार्यक्रमको समिक्षा गरियो । यस वर्षको लागी पेश भएको सुझाव र गत आ.व. को नीति तथा कार्यक्रमलाई एकिकृत र परिस्कृत गरी आगामी गाउँकार्यपालिकामा स्विकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

२. उक्त प्रस्ताव माथि छलफल गर्दा न्यू प्लानेट इन्जिनियरीङ कन्सल्टेन्ट काठमाण्डौले पेश गरेको माईजोगमाई गाउँपालिकाको सडक यातायात गुरुयोजना अध्ययन गर्दा आंसिक केहि सच्याउनु पर्ने देखिएकोले उक्त बिषयहरु सच्याई अन्तिम प्रतिवेदन पेश गर्न सुझाव पठाउने निर्णय गरियो ।

३. माईजोगमाई गाउँपालिकाको अनुगमन समितिको विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन गाउँकार्यापालिकामा पेश भयो र उक्त प्रतिवदेनबाट अनुगमन प्रगति अवगत भयो ।

४. आर्थिक बर्ष २०७६/०७७ को लागि नीति तथा कार्यक्रम र बजेट अनुमोदनको लागी निम्न बमोजिम हुने गरी गाउँसभाको कार्ययोजना तयार गरीयो । साथै टोल वस्ति स्तरबाट वडा कार्यालयमा योजना संकलन गर्न मिति २०७६/२/२६ गते देखि २०७६/२/३२ गते सम्म हुनेगरी गाउँपालिका र वडा कार्यालयबाट सार्वजनिक सूचना गर्ने र अन्य गैसस तथा संस्थाहरुको आफ्ना कार्याक्रमहरु पेश गर्न सूचना गर्ने ।

निम्नः

| क्र.सं. | कार्यक्रमको नाम | मिति र स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा समितिबाट योजना छनौट गर्नुपर्ने | २०७६/३/५ भित्र | दिनको १२ बजे सम्म |
| २ | बिषयगत समितिहरुको बैठक | | |
| | सुशासन तथा क्षमता विकास समिति | २०७६/३/६ गते | विहान ८ बजेदेखि |
| | पुर्वाधार विकास समिति | २०७६/३/६ गते | विहान ८ बजेदेखि |
| | सामाजिक विकास समिति | २०७६/३/६ गते | विहान ११ बजेदेखि |
| | आर्थिक विकास समिति | २०७६/३/६ गते | विहान ११ बजेदेखि |
| | वन वातावरण तथा विपद व्यवस्थापन समिति | २०७६/३/६ गते | दिनको १ बजे देखि |
| | विधायन समिति | २०७६/३/६ गते | दिनको १ बजे देखि |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७६/३/७ गते | विहान ८ बजेदेखि |
| ४ | गाउँकार्यपालिकाको बैठक | २०७६/३/८ गते | विहान ८ बजेदेखि |
| ५. | गाउँ सभा | २०७६/३/१० गते | नीति कार्यक्रम तथा बजेट प्रस्तुत |

**नोटः** गाउँसभा सम्बन्धी सम्पुर्ण सभा सदस्यहरुलाई ७ दिन अगाडी पत्राचार गर्ने ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कामका लागी पारिश्रमिकमा आधारीत सामुदायिक आयोजनाको यस गाउँपालिकालाई प्राप्त बजेट रु ८ लाख बाट ६ वटै वडाहरुमा रु १/१ लाखको योजना बनाई अमानतबाट कार्य गराउने गरी योजनाको नाम र जिम्मेवार कर्मचारी २८ गते भित्र गाउँपालिकामा पेश गर्ने गरी निर्णय गरीयो । बाँकी २ लाख बाट गाउँपालिका स्तरीय २ वटा योजनाहरु छनौट गरी अमानतबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

६. गाउँपालिका क्षेत्र भित्र रहेका नागरिकहरुलाई घुम्ति सेवा मार्फत नागरिकता प्रदान गर्न जिल्ला प्रशासन कार्यालय ईलाम सँग समन्वय भइ उक्त कार्यक्रम सञ्चालनको लागी जिल्ला प्रशासन कार्यालयको कर्मचारी र गाउँपालिकाको वडाध्यक्ष साथै वडा सचिवहरुको छलफल कार्यक्रम मिति २०७६/२/२८ गते तय गर्ने निर्णय गरियो ।

७. उक्त प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको अध्यक्षले एकलौटि रुपमा काम गरेको "समन्वय छैन आफु खुसी गर्नुहुन्छ" भनि आफूलाई असहयोग गरेको आरोप लागाई उपाध्यक्षद्वारा आमसञ्चार माध्यमबाट अभिव्यक्ति दिइएको सामाचार प्रकाशित भएकोमा उक्त अभिव्यक्ति प्रति माईजोगमाई गाउँकार्यपालिकाको गम्भिर ध्यानाकर्ष भएको छ । अध्यक्ष माथि लागाइएको उक्त आरोप निराधार र असत्य भएको व्यहोरा निर्णय गरियो साथै उक्त समाचार प्रति उपाध्यक्ष ज्यूलाई सचेत गराउँदै त्यस्ता निराधार र भ्रामक अभिव्यक्ति नदिन निर्देशन गर्ने निर्णय गरियो ।